बैठक नं ०७
मितिः- २०७६।११।१७
समयः- १२.०० बजे
स्थानः- कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर ।

आज मिति २०७६।११।१७ गते सोमबारका दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री टंक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो ।

उपस्थितिः

| | | |
|---|---|---|
| | श्री टंक ब. मोक्तान | अध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुकुमाया थिङ्ग | उपाध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री पेमा योन्जन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री राजेन्द्र तामाङ घिसिङ | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री देव लाल बल | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री तिलक बा. मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री छेकु लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री ठुलो कान्छा लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री उदास कु. भ्लोन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुर्ज बा. थिङ्ग | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुमन लटौला | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री माणिकलाल मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री गोविन्द बि.क. | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री संगिता प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री आशिष प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री लक्ष्मी मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| फुल माया | श्री फुल माया सिंतान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री राम माया प्रजा | सदस्य. कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री रामप्रसाद शर्मा | सदस्य-सचिव, कैलाश गाउँकार्यपालिका, मकवानपुर |
| | श्री सुरेश न्यौपाने | अधिकृत, कैलाश गाउँकार्यपालिका, सकवानपुर |
| | श्री प्रकाश राई | माइन्यूट सहयोगी, कैलाश गाउँकार्यपालिका, मकवानपुर |

टंक बहादुर मुक्तान

प्रस्तावहरु

१) गाउँ सभाको मिति तय सम्वंन्धमा

२) रिक्त पदहरुको करार सेवामा पदपुर्ति गर्ने सम्वन्धमा

३) विनियोजित रकमको पाइप खरिद गर्ने सम्वन्धमा

४) नारि दिवश २०७६ को  रकम खर्च सम्वन्धमा

५) विभिन्न कार्यक्रमहरुको लागी आर्थिक सहायता सम्वन्धमा

६) जेष्ठ नागरिक कार्यविधि २०७ पारित गर्ने सम्वन्धमा

७) स्वास्थ्य शिविर संचालन सम्वन्धमा

८) प्रदेश विषेश अनुदान रकम रु ३२०६००० सम्वन्धमा

९) झोलुगे पुलको लागत सहभागिता सम्वन्धमा

१० आ.व २०७७।२०७८ सालको प्रदेश समपुरक तथा विशेष अनुदानका कार्यक्रम र योजना छनौट संचालन सम्वन्धमा

११) पूर्वाधार विकास कार्यक्रमको जानकारी सम्वन्धमा

१२ जिल्ला समन्वय समितिमा महिला विकास कार्यक्रम संचालन गर्न सहभागि पठाउने सम्वन्धमा

१३ ) सर्शत अनुदान खर्च सम्वन्धमा

१४) शिक्षा शाखा सँग सम्वन्धीत कक्षा थप , माध्यामिक विद्यालय पुस्तकालय तथा विज्ञान प्रयोगशाला निर्माण , शिक्षक दरवन्दी मिलान , सामुदायिक अध्ययन केन्द्र

१५) प्रमुख प्रशासकीय  अधिकृतको निवाश भान्से र राजश्व शाखामा कर्मचारी सम्वन्धमा

१६) नयाँ टेन्डर आव्हान गर्ने सडक छनौट गर्ने सम्वन्धमा

१७) रोजगार कार्यक्रम छनौट सम्वधमा ।

१८) व्याक हो लोडर र स्काभेटर भाडा सम्वनधमा

१९) स्रोत शिक्षक सम्वन्धमा

२०) गाउँपालिकाको डि.पि.आर स्वीकृत सम्वन्धमा ।

टंक बहादुर मुक्तान
अध्यक्ष

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
वागमती प्रदेश, नेपाल

२१) योजनामा प्रयोग हुने भाडाका हेभि साधनहरुको भाडा कर सम्वन्धमा ।

२२) आधारभुत स्वास्थ्य केन्द्र कर्मचारी भर्ना भवन निर्माणको ठेक्का सम्वन्धमा

२३) कार्यालयको सुरक्षा र कार्यालय कम्पाउन्ड भवन निर्माण सम्वन्धमा

निर्णयहरु

निर्णय नं १ : यस गाउँपालिकाको छैठौ (हिउदे गाउँ) सभा यही मिति २०७६ साल चैत्र १५ गते आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं २ :यस गाउँपालिकामा रिक्त रहेका श्रेणी विहिन कर्मचारी, प्राविधिक कर्मचारी, विद्यालयका शिक्षकहरुको करार सेवामा भर्ना गर्न माग संकलन गर्ने र मागका आधारमा भर्ना कार्यविधि २०७६ वमोजिम भर्ना गर्ने निर्णय गरियो ।

निर्णय नं ३ :यस गाउँपालिकाको पाचौ  गाउँसभावाट विनियोजन भएको पाइप खरिद शिर्षकको रकमलाइ सवै वडावाट माग संकलन गरि सिलवन्दी दरभाउपत्रका माध्यमवाट खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं ४ : ११० औ महान नारि दिवशका लागी एक मुष्ठ २००००० दुइ लाख कन्टीजेन्सी शिर्षकवाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ५ :यस गाउँपालिका क्षेत्रमा विभिन्न व्यक्ति , निकाय संघ संस्थाहरुवाट आर्थिक सहायता र योजना माग गरेको सम्वन्धमा देहाय वमोजिमका  शिर्षकवाट खर्च उपलव्ध गराउने निर्णय गरियो ।

क) रिश्वेश्वरमेला व्यवस्थापनका लागी रु २५००० पच्चिस हजार मात्र - विविध शिर्षकवाट )

निर्णय ६ : यस गाउँपालिको जेष्ठ नागरिक कार्यविधि २०७६  र  कामका लागी पारिश्रमिकमा आधारीत सामुदायिक आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ पारित गर्ने निर्णय गरियो ।

निर्णय ७ : यस गाउँपालिकामा स्वास्थ्य शिविर तथा सामाजिक सुरक्षा वितरण कार्यक्रम वडा कार्यालयहरुमा कार्यक्रम वनाइ गर्ने निर्णय गरियो ।

निर्णय न. ८ वाग्मति प्रदेशवाट विशेष अनुदान स्वरुप प्राप्त रकम रु ३२०६००० हजारलाइ वोलपत्रका माध्यामवाट खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं ९ यस गाउँपालिकाका देहाय वमोजिमका झोलुगे पुलहरुलाइ  समपुरक कोषको रकम गाउँपालिकाको आगामी आ.वको वजेटवाट विनियोजन गर्ने गरि सिफारिस गर्ने निर्णय गरियो ।

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

निर्णय नं १० यस गाउँपालिकाको आ.व २०७७।२०७८ सालमा यस गाउँपालिका भित्र संचालन हुने समपुरक र विशेष अनुदानका देहायको योजनाहरु छनौट गरि नेपाल सरकार र प्रदेश सरकारमा पठाउने निर्णय गरियो ।

क) पूर्वाधार तर्फ (समपुरक तर्फ )

- गोगने कालिकाटार सडक (नेपाल सरकार )
- घुमाउने वुगुटी लिक्चे सडक (प्रदेश सरकार)
- भार्ता हल्वादी अल्छे कप्सेरी सडक (प्रदेश सरकार )
- मझुवा सानोलेख गल्छी सडक ( प्रदेश सरकार)
- सानो डाडाखर्क कैलाख वैकुष्ठ सडक (नेपाल सरकार)
- नामटार सिंचाइ (नेपाल सरकार)

ख) विशेष अनुदान तर्फ

- वालमैत्री स्थानीय शासन कार्यक्रम संचालन तथा घोषणा कार्यक्रम
- चेपाङ्ग तथा विपन्न परिवारका वालवालिका लागी पोषण आहार कार्यक्रम
- विद्यालयरुका लागी पौष्टिक आहार सहितको् दिवा खाजा कार्यक्रम
- विद्यालय क्षेत्र सुधार कार्यक्रम
- पुर्ण सरसफाइ कार्यक्रम
- एक घर एक धारा र एक घर एक सौचालय
- महिला स्वास्थ्य शिविर कार्यक्रम (पाठेघर तथा स्तन क्यान्सर र आङ्ग खस्ने कार्यक्रम )
- स्वास्थ्य स्वास्थ्य संस्था (न्यूनतम स्तरउन्नती सेवा )

निर्णय नं ११ : यस गाउँपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत को भान्से नभएकोले १ जना व्यक्ति दैनिक ज्यालादारीमा कामकाजमा लगाउन र राजश्व शाखामा सहायक स्तरको पदमा अर्को व्यवस्था नभए सम्मको लागी सन्तोष थिङलाइ सहायक कम्प्युटर अपरेटर पदमा दैनिक ज्यालादारीमा काममा लगाउने निर्णय गरियो ।

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

निर्णय नं १२ यस गाउँपालिकामा प्रदेश सरकार पुवाधार कार्यालयवाट कैलास मार्ग , लगायका वडाका मुख्य सडक आसपासका क्षेत्रको जग्गा घर , गोठ टहरा खालि गर्ने भन्ने सम्वन्धको पत्र प्राप्त भएकोले उल्लेखित पत्रानुसारको कार्य गर्ने सवै वडा कार्यालहरुलाइ प्रत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं १३ यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायतको कर्मचारीको निवाशका भाडा प्रचलित कानुन वमोजिम सम्झौता गर्न गाउँपालिका कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

निर्णय १४ यस गाउँपालिकाको सिस्टमेटिक इन्जिनियरिग कन्सल्टेन्सीले तयार गरेको प्रशासनिक भवन निर्माणको विस्तृत आयोजना प्रतिवेदन लाइ स्वीकृत गरि अनुमोदन गर्ने निर्णय गरियों ।

निर्णय नं १५ यस गाउपालिकावाट मिति २०७६ साल माघ ६ गते राजधानी राष्टिय दैनिक प्रत्रिकामा भवन तथा सडकहरुको वोलपत्र आव्हान भएकोमा उक्त वोलपत्रवाट वचत भएको रकमलाइ प्राविधिक संभाव्यता अध्ययन द्धारा तत् तत् ठाउँका योजनाहरुमा विनियोजन गरि पुनः वोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं १६ : यस गाउपालिकामा रहेका विद्यालयहरुको कक्षा थप र घट शिक्षक दरवन्दी मिलान कार्य शिक्षा समितिको निर्णय अनुसार गर्ने निर्णय गरियो ।

निर्णय नं १७ : यस गाउँपालिका क्षेत्रमा संचालन भएका सडक योजनाहरुले भाडामा लिएका व्याक हो लोडर र स्काभेटर र ,लोडर जस्ता मेसिनहरुको प्रयोग सम्वन्धमा निर्माण कम्पनिहरुलाइ भ्याट र आयकर कटटी गर्न अनिवार्य गर्ने र भ्याट र अग्रीम आय कर पेश नगर्ने निर्माण कम्पनीहरुलाइ भाडा कर लगाउने गरी लागू गर्ने निर्णय गरियो ।

निर्णय नं १८ यस गाउँपालिका कार्यालयमा कार्यालय प्रयोजनार्थ खरिद भएका मोटरसाइकल थान २ को खरिद भएको विल ,मेसिनरी औजार उपकरण शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १९ यस गाउँपालिकाका उपाध्यक्ष ज्यूले प्रयोग गरीरहेको सवारी थान १ को फागुन महिनाको सवारी भाडा उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं २० यस गाउँपालिकावाट मिति २०७६साल फागुन १ गते हाइटेक सेट हाउस निर्माण सम्वन्धमा गाउँपालिका भित्र कार्यक्षेत्र भएका सामुदायिक, सहकारी ,समुह तथा व्यक्तिगत फर्महरुवाट प्रस्ताव माग गरिएकोमा प्राविधिक तथा मुल्यांकन समितिको मिति २०७६ साल फागुन १६ गतेको वैठकले प्रस्तावहरुको प्राविधिक तथा आर्थिक प्रस्ताव मुल्यांकन गरि पेश गरेको सिफारिस अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं २१ यस गाउँपालिका वडा नं ७ स्थायी वसोवास भएका श्री रामकुमार प्रजा सिमान्तकृत वर्गवाट विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणका लागी हिमायन गाइटर्स संस्था मार्फत आर्थिक सहयोग पाउँ भनि निवेदन पेश गरेकोमा निजलाइ सर्वोच्च शिखर सगरमाथा आरोहणका लागी हौसला

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

प्रदान गर्न यस गाउँपालिकावाट आन्तरीक आम्दानीवाट खर्च हुने गरि रु ३००००० (तिन लाख) मात्र उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं २२ यस गाउँपालिका स्तरिय युवा तथा खेलकुद विकास समिति कालिकाटार मकवानपुरले जिल्ला फुटवल प्रतियोगितामा सहभागिता जनाउन गएको वापत खर्च भएको रकम सम्वन्धीत शिर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं २३ यस गाउँपालिकामा रहेका सामुदायिक विद्यालय लक्षित र महिला लक्षित सेनेटरी प्याड उपलव्ध गराउनु पर्ने भएकोले कन्टीजेन्सीवाट खर्च हुने गरि रु २२५००० दूई लाख पश्चिस हजार मात्र विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं २४ यस गाउँपालिका वडा नं १ डाडाँखर्क जलुकेमा विद्युत विस्तार कार्यक्रमको अध्ययनको लागी यस गाउँपालिकाका इलेक्टीसियन श्री रामउदगार साहलाइ खटाइ वस्तु स्थिति पेश गर्ने गरि खटाउने निर्णय गरियो ।

निर्णय नं २५ : यस गाउपालिका भवन रहेको स्थानको कम्पाउन्ड वाल निर्माणका लागी पाचौ गाउ सभावाट विनियोजन भएको रकमवाट कम्पाउन्ड वाल निर्माण गर्न रकम अपुग हुने भएकोले नपुग रकम गाउँपालिकावाट वचत हुने ससर्त वाहेकको रकमवाट पुर्ति गर्ने गरि सिलवन्दी दरभाउपत्र आव्हान गर्ने निर्णय गरियो ।